# लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान

समानताको पुस्ता : बलात्कार विरुद्ध ऐक्यबद्धता

## परिचय

नेपालको संविधानले सम्पूर्ण नागरिकको स्वतन्त्रता र समानताको अधिकारलाई ग्यारेन्टी गरेको छ भने महिलाको हकलाई संविधानको धारा ३८ मार्फत मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । नेपाल सरकारले महिलाउपर हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी, १९७९ (Convention on the Elimination of Discrimination Against Women, 1979) लाई सन् १९९१ मा अनुमोदन गरिसकेको छ भने नेपाल सरकारले वि.सं. २०७६ लाई लैंगिक हिंसा विरूद्ध अभियान वर्ष भनी घोषणा गरी विविध कार्यक्रमहरू आयोजना गरिरहेको छ । ललितपुर महानगरपालिकाले वि. सं. २०५६ सालदेखि नगर क्षेत्रका महिलाको हक अधिकार सुनिश्चित गर्नका लागि स्थानीयस्तरमा विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले हरेक मानिसको स्वतन्त्रतापूर्वक जन्मन, हुर्कन र बाँच्न पाउने अधिकारको ग्यारेण्टी गरेको छ । मानव अधिकारको घोषणापश्चात संयुक्त राष्ट्र संघबाट महिला अधिकार, बाल अधिकार, अपांगता भएका व्यक्तिहरूको अधिकार, आप्रवासीका अधिकार लगायतका महासन्धीहरू परित भइसकेको अवस्थामा पनि लैंगिक विभेद आजको विश्वव्यापी समस्या हो र यो समस्याबाट खासगरी महिला तथा बालिकाहरू बढी पीडित हुने गरेका छन् । पित्तृसत्तात्मक समाजमा महिला तथा बालिकाहरूलाई कमजोर र दोस्रो दर्जाको नागरिक समान व्यवहार हुने गरेको छ । धर्म, संस्कार, संस्कृति, रीतिरिवाज आदिका नाममा हानिकारक रीतिरिवाजको प्रचलनका कारण महिला, किशोरी र बालिकामाथिको दमन हजारौं वर्षदेखि भए गरेका छन् । महिला तथा बालिकामाथि हुने यिनै हिंसा विरूद्ध संसारभर बहस, छलफल र ऐक्यबद्धताका लागि संयुक्त राष्ट्र संघले हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको १६ दिनलाई **लैंगिक हिंसा विरूद्धको १६ दिने अभियान** को रूपमा मनाउँदै आइरहेको छ ।

## के हो १६ दिने अभियान

समानताको पुस्ता : बलात्कार विरूद्ध ऐक्यबद्धता भन्ने राष्ट्रिय नारा र Orange the World: Generation Equality Stand against Rape भन्ने अन्तर्राष्ट्रिय नाराका साथ यसवर्ष १६ दिने अभियान विश्वभर मनाईंदै छ ।१६ दिने अभियान महिलामाथि हुने हिंसालाई मानव अधिकारको गम्भीर उल्लंघन भएको र महिलाको अधिकार मानव अधिकार हो भन्ने विषयलाई जानकारी गराउन, सम्बोधन गर्न र यस विषयमा व्यापक छलफल गर्नका लागि सुरू गरिएको अभियान हो । यो अभियानको सुरूवात सन् १९९१ मा वुमन्स ग्लोबल लिडरसीप इन्सिट्युटमा सहभागी भएका महिला अधिकारकर्मीहरूद्वारा भएको हो । नोभेम्बर २५ देखि डिसेम्बर १० गरी जम्म १६ दिन सम्म चल्ने यो अभियानलाई पछि संयुक्त राष्ट्र संघले पनि मान्यता प्रदान गरी थप विश्वव्यापी बनाउन सहयोग पुर्‍याएको छ । हाल यस अभियानलाई लैंगिक हिंसा विरूद्धको १६ दिने अभियानको रूपमा हरेक वर्ष विश्वभर मनाइने गरिन्छ ।

सन् १९६० नोभेम्बर २५ का दिनमा डोमेनिक रिपब्लिकका तानाशाह राफेल ट्रिजुलो सरकार विरूद्ध आवाज उठाउने तीन मिराबल दिदीबहिनीहरूको विभत्स हत्या गरिएको थियो ।तीनै मिराबल दिदीबहिनीहरूको अधिकारकर्मलाई सम्मान गर्दै अभियानको पहिलो दिनलाई महिलामाथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्ने दिवसका रूपमा मनाईन्छ । १६ दिने अभियानमा अन्य दिवसहरू पनि पर्दछन् जस्तैः नोभेम्बर २९ मा महिला मानव अधिकारकर्मीहरूको अन्तर्राष्ट्रिय दिवस, डिसेम्बर १ मा विश्व एड्स दिवस, डिसेम्बर ३ मा विश्व अपांग दिवस, डिसेम्बर १० मा मानव अधिकार दिवस ।

## १६ दिने अभियान किन ?

- घरपरिवार, स्थानीय तहदेखि प्रदेश, संघ हुँदै अन्तर्राष्ट्रियस्तरसम्म महिलाका अधिकार मानव अधिकार हुन् भन्ने कुराको जानकारी गराउन
- स्थानीयस्तरमा महिलाले भोगेका समस्याहरू विरूद्ध आवाज उठाउन र महिलाले गरेका उत्कृष्ट कार्यहरूको बारेमा प्रचारप्रचार गर्न

- लैंगिक हिंसा विरूद्ध विश्वभर एकजुट भए आवाज मुखरित गर्न
- लैंगिक हिंसा अन्त्य गर्नका लागि विश्व समुदायसँग ऐक्यबद्धता जाहेर गर्न
- महिलामाथि भइरहेको विभेद, हिंसा र शोषण अन्त्यका लागि सरकार र सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गर्न

## ललितपुर महानगरपालिकाले लैंगिक हिंसा विरुद्ध गरिरहेको कार्यक्रम

१. महानगरका टोलहरूमा ३४७ महिला समूहहरू गठन गरी वार्षिक रूपमा विभिन्न तालिम सञ्चालन

२. लैंगिक हिंसा अन्त्यका लागि पुरूषको ऐक्यबद्धता बढाउनका लागि महानगरका १५ वटा कलेजमा वीमेन क्लब (#weMEN Club) गठन, परिचालन तथा तालिम सञ्चालन

३. महिलाहरूलाई विभिन्न सीपमुलक तथा लैंगिकताका विविध सवालहरूमा क्षमता अभिवृद्धि कार्यक्रम

४. महानगरका जनप्रतिनिधिहरूसँग लैंगिक तथा समावेशी बजेट तर्जुमा सम्बन्धी अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रमको आयोजना

## यस वर्षको कार्यक्रम

### १. सेतो रिबन कार्यक्रम

यस अन्तर्गत अभियानको पहिलो दिन अर्थात् मंसीर ९ गते अभियानको सुरूवात महानगरपालिकाका प्रमुख, उपप्रमुख लगायत जनप्रतिनिधिहरूलाई लैंगिक हिंसा विरूद्धको सेतो रिबन लगाईदिएर सुरू गरिनेछ । तत्पश्चात उक्त रिबन हामी दाजुभाइ र वीमेन क्लबको समन्वयमा महानगरका सम्पूर्ण वडा, पदाधिकारी, कर्मचारी लगायत वीमेन क्लब रहेका कलेजहरूमा वितरण गरिनेछ ।

## २. पर्चा वितरण कार्यक्रम

१६ दिने अभियानको बारेमा जानकारी मुलक पर्चा तयार पारी विभिन्न शैक्षिक संस्था, महानगर, वडा कार्यालयमा व्यापक वितरण गरिनेछ ।

## ३. वीमेन क्लबसँग मेयर र उपमेयर

१६ दिने अभियान अन्तर्गत एकदिन वी मेन क्लबका सदस्यहरूबीच महानगरका प्रमुख र उपप्रमुखज्यूसँग लैंगिक समानताका निम्ति महानगरले गरेका पहल, महानगरमा हुने गरेका लैंगिक हिंसाका प्रकृति आदिको बारेमा अन्तरक्रियाको आयोजना गरिनेछ ।

## ४. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयारी बैठक

यस आर्थिक वर्षमा महानगरले लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गर्ने निर्णय गरेकोले उक्त नीतिको विषयमा छलफल गर्न प्रारम्भीक बैठक बसी नीति मस्यौदाको कार्यलाई अघि बढाइनेछ ।

**थप जानकारीका लागि :**


**ललितपुर महानगरपालिका**
Website : www.lmc.gov.np

हामी दाजुभाइ

**हामी दाजुभाइ**
Facebook : DajjuVai